स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



युरोप भ्रमणमा रहेका चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसी यतिबेला माल्टामा छन् । स्वीट्जरल्याण्ड हुँदै माल्टा पुगेका उनले त्यहाँस्थित ब्लु हर्स इन्टरटेन्मेन्टको उद्घाटन समेत गरे । नेपाली फिल्म र कला संस्कृतिको प्रवर्द्धनमा सघाउन केसीले उक्त अवसरमा आग्रह गरे । नेपालीपनको आभास दिलाउन सक्ने कार्यक्रम आयोजना गर्न सके बोर्डबाट हुन सक्ने सम्पूर्ण सहयोग गर्न तयार रहेको उनले बताए ।

आजको विचार...



नारायण तिमिल्सेना

मागेर... (दुई पेजमा)

(दुई पेजमा)

दीपकराज गिरी र दीपाश्री निरौलाले निर्माण गर्न लागेको 'वडा नम्बर ६' फिल्मको सिक्वेलको प्रदर्शन अर्को वर्षको दशैंमा हुने भएको छ । योसहित अर्को एक फिल्म पनि २०८१ सालमा ल्याउने उनीहरुको तयारी छ । यस वर्ष दीपक-दीपाले मंसिरदेखि अर्को फिल्मको सुटिङ थाल्दैछन्, जसलाई वैशाख वा जेठमा प्रदर्शन गर्ने तयारी छ । 'वडा नम्बर ६' को श्रृंखलाको शीर्षक तय भएपनि उनले सार्वजनिक गर्न चाहेनन् । यसलाई दीपाश्रीले निर्देशन गर्ने सम्भावना छ ।



❒ वर्ष २९ ❒ अंक ८० ❒ २०८० असोज १८ गते बिहीबार 5 October 2023, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### दशैंको साइत सार्वजनिक



**पाल्पा,** असोज १७/नेपाल पञ्चाङ्ग निर्णायक समितिले यस वर्षको दशैंका विभिन्न साइत सार्वजनिक गरेको छ । समितिले यसवर्ष कात्तिक ७ गते परेको दशैंका लागि विभिन्न साइतहरु सार्वजनिक गरेको हो ।

असोज २८ गते नवरात्र आरम्भ हुने छ । त्यस दिन बिहान ११:२९ बजे घटस्थापनासहित जमरा राख्ने साइत छ । घटस्थापनाका दिन चित्रा नक्षत्र र वैधृति योग परेकाले दुवैको शान्ति गरेर घटस्थापना गर्नु शास्त्रसम्मत् हुने जनाइएको छ । विजयादशमीको उत्तम साइत कात्तिक ७ गते बिहान ११:०२ बजे रहेको छ । सोही दिन बिहान १०:३७ बजे देवी विसर्जनको साइत रहेको छ । देवी विसर्जन सकेपछि दुर्गाको प्रसाद ग्रहण गर्न दिनभर कुनै बाधा नभए पनि साइत खोज्नेका लागि बिहान ११:०२ बजेको साइत दिइएको समितिले जनाएको छ । गत साउन महिनामा अधिकमास परेका कारण यस वर्ष असोज अन्तिमदेखि नेपालीको महान् पर्व बडादसैं सुरु हुँदैछ । कात्तिक पहिलो साता बडादसैंको मुख्य दिनअर्थात् विजयादशमी परेको छ । कात्तिक ११ गते कोजाग्रत पूर्णिमा मनाएपछि १५ दिन लामो बडादसैं पर्व समाप्त हुन्छ ।

# पाल्पामा असोजमै पाक्यो सुन्तला !

## बर्खायाम सकिनसक्दै यहाँ भदौ, असोज महिना मै सुन्तला पाकेर अचम्मै भएको छ । फर्मको अध्ययन अवलोकनका लागि आउने जो कोही पनि बेमौसमी सुन्तला पाकेको देख्दा दंग छन् ।

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असोज १७/सामान्यतया: मंसिर-पुस महिना सुन्तला पाक्ने सिजन हो तर पाल्पामा भने भदौको अन्त्यदेखि सुरु भई असोज महिनामै लटरम्म पाकेका छन् । यहाँको सुन्तला जात फलफूल विकास केन्द्र तानसेनको फर्ममा सुन्तला फलेको मात्रै छैन पाकेर पहेँलपुर भएका छन् ।





बर्खायाम सकिनसक्दै यहाँ भदौ, असोज महिना मै सुन्तला पाकेर अचम्मै भएको छ । फर्मको अध्ययन अवलोकनका लागि आउने जो कोही पनि बेमौसमी सुन्तला पाकेको देख्दा दंग छन् । साना बोट, ठूला दाना, स्वादिलो भएको सुन्तला बोटले थेग्नै नसक्ने गरी फलेको र पाकेका छन् । यहाँ ५० भन्दा बढी बोटमा जापानीज ओकीचुवासे प्रजातिको सुन्तला भदौको अन्तिम हप्तादेखि पाक्न सुरु गरेको केन्द्रका प्रमुख दिपक भट्टराईले बताए । उनका अनुसार पाल्पाको हावापानीमा यो सुन्तला अत्यन्त राम्रो हुन्छ । भदौको अन्तिम सातादेखि पाक्न सुरु गरी कात्तिकको दोस्रो हप्तासम्म यो प्रजातिको सुन्तला रहने भट्टराईले बताए । मध्यम आकारमा फैलिने यो जात उन्सोबाली अन्तर्गत पर्दछ । प्रायजसो: स्थानीय सुन्तला मंसिरदेखि खानयोग्य मानिन्छ । फागुनसम्ममा यी सुन्तला टिपेर सकिसकेका हुन्छन् । व्यापारी तथा शितभण्डारण गर्नेले बाहेक अन्यले स्थानीय जातका सुन्तला लामो समयसम्म राख्न सक्दैनन् । बोटमै सुन्तला राखिरहदा अर्को वर्षको फललाई असर पुग्ने हुँदा फागुनसम्म स्थानीय जातको सुन्तला टिपी सक्नुपर्ने प्राविधिकहरु बताउँछन् । स्थानीय जातका सुन्तला अहिले स-साना र हरिया दाना भएका छन् तर, उन्सु भने पाकेर पहेंला पहेंला देखिएका हुन् । नेपालको बागवानी तथा फलफूलको क्षेत्रमा जापान सरकारबाट आर्थिक तथा प्राविधिक सहयोग भएको थियो । समुन्द्री सतहदेखि ८ सयदेखि १४ सय मिटरको उचाइमा यसको व्यवसायिक खेती गर्न सकिने भएकाले यो सुन्तला पहाडी जिल्लामा सफल हुने प्राविधिकहरु बताउँछन् । जापानी स्वयंसेवकहरुले यो प्रजातीको सुन्तला २०४४/०४५ सालमा भित्र्याएको भएपनि पाल्पामा विगत १० वर्षदेखि परीक्षणको रुपमा लगाइएको र सफल भएको केन्द्रका प्रमुख भट्टराईले बताए ।

यो सुन्तला मध्य पहाडी क्षेत्रमा व्यवसायिक खेती गर्न सकिने प्रजातिको फल हो । अन्य प्रजातीका सुन्तलाको तुलनामा स्वादमा निकै फरक र कम समय मै उत्पादन लिन सकिन्छ । अम्लियपन नहुने, चिनीको मात्रा अत्यन्त कम भएकाले जस्तो सुकै बिरामीका लागि पनि यो सुन्तला फाइदाजनक मानिन्छ । लगाएको तीन वर्षबाटै उत्पादन लिन सकिने हुँदा यो प्रजातिको सुन्तला व्यवसायिक कृषकहरुका लागि समेत लाभदायिक देखिन्छ ।

असोज महिना मै बोटभरी लटरम्म सुन्तला पाकेको देख्दा दंग परेको फर्मको अवलोकन गर्न पुगेका नेपाल प्रेस युनियन पाल्पाका पूर्व अध्यक्ष प्रकाश नेपालले बताए । फरक स्वाद, अम्लियपन नभएको, चिनीको मात्रा अत्यन्त कम जस्तो बिरामीले पनि खान हुने, बिया रहितको, तीन वर्षबाटै उत्पादन लिन सकिने १ सय ५० देखि ३ हजार ग्राम तौलसम्म फल लाग्ने यो प्रजातिको सुन्तला कृषकहरुका लागि बहुउपयोगी रहेको पत्रकार नेपालको भनाई छ । जापानीज प्रजातीको यो फल नेपालमा यसको सभाव्यताको विषयमा लामो समयको अनुसन्धानपछि सफलता पाएको राष्ट्रिय सुन्तला जात कार्यक्रम परिपाले धनकुटाका वैज्ञानिक उमेश आचार्यले बताए । उनका अनुसार यो जाताको सुन्तला पूर्वदेखि पश्चिमसम्मका पहाडमा खेती गर्न कृषकलाई सिफारिस गरिएको छ । जिल्लाका अधिकांश क्षेत्रमा सुन्तलाको व्यवसायिक खेती हुँदै आएको छ । त्यसमा अधिकाश स्थानीय जातका रहेका छन् । परम्परागत जातको तुलनामा यसबाट छोटो समयमै उत्पादन लिन सकिन्छ । कृषकहरुबाट यो प्रजातिको सुन्तलाको व्यवसायिक खेती अहिलेसम्म भएको छैन । जिल्लामा सरकारबाट सिफारिस भएको र परीक्षणकै क्रममा थियो । अहिले यो व्यवसायी सफल भएको छ । सुन्तला स्वादमा पनि फरक, दाना ठूलठूला भएकाले यो प्रजातिको सुन्तला राम्रो रहेकाले आफुले पनि लगाउने तयारी गरेको रैनादेवी छहरा गाउँपालिका मुझुङ्गकी कृषक बसन्ती कार्की बताईन् । उनले भनिन् 'अन्य प्रजाती भन्दा अगाडि नै उत्पादन लिन सकिने भएकाले कलमी गरेर व्यवसायिक रुपमा लगाउने तयारी गरेकी छु ।'

प्राविधिकहरुका अनुसार (ओकीचुवासे) प्रजातिको सुन्तला ७ किसिमको मध्य यो प्रजातिको मात्र सफल रुपमा उत्पादन लिन सकिने भएको छ । यो प्रजातिको सुन्तला जिल्लामा पहिलो होमस्टे भएको गाउँ बौघागुम्वामा लगाइएको छ । एक बोटमा ४० देखि १ सय ५० केजी उत्पादन लिन सकिने यो प्रजातिको सुन्तला एक रोपनी क्षेत्रफलमा बिस वटा बोट लगाउन सकिने प्रविधिकहरु बताउँछन् । यसमा ६ प्रतिशत गुलियो र ०.८ देखि एक प्रतिशतसम्म अमिलोको मात्र हुन्छ ।

## सुविधा सम्पन्न घर भाडामा

सुन्दर नगर तानसेनको कैलाशनगरस्थित "होटल रानीमहल" नजिकै हिमश्रृखलाको दृश्यावलोकन गर्न मिल्ने, गार्डेन र पार्किङ्गको समेत व्यवस्था भएको, एट्याच बाथरुम, तातो चिसो पानीको व्यवस्था भएको घर भाडामा छ ।

सरकारी, गैरसरकारी कार्यालय, होमस्टे, रेष्टुरेण्ट समेत सञ्चालन गर्न मिल्ने, कम्पाउण्ड भएको घर भाडामा लिन इच्छुक संघ, संस्था, व्यक्ति वा परिवारले निम्न नम्बरमा सम्पर्क गर्नुहोला ।

***सम्पर्क नं : ९८४७५९७७७०***

# कालीगण्डकी गाउँ सरकारको अनुदानमा व्यावसायिक फूलखेती

**बालिङ (स्याङ्जा),** असोज १७/स्याङ्जाको कालीगण्डकी गाउँपालिकामा व्यावसायिक सयपत्री फूलखेती गरिएको छ । गाउँपालिकाका विभिन्न वडाका समूह, सहकारी तथा व्यक्तिले ६० रोपनी क्षेत्रफलमा व्यावसायिक फूलखेती गरेका हुन् ।



सुरुवातमा गाउँ सरकार आफैँले फूलखेती गरी राम्रो आम्दानी गरेसँगै पालिकाका विभिन्न समूह सहकारी तथा व्यक्ति अभिप्रेरित भई पालिकाको अनुदानमा फूलखेतीमा आकर्षित भएका हुन् । पालिकाले केही वर्षदेखि थालेको व्यावसायिक फूलखेतीबाट सफलता प्राप्त गरेसँगै अहिले यहाँका समूह, सहकारी तथा व्यक्तिहरूले पनि व्यावसायिक फूलखेती थालनी गरेको गाउँपालिकाका कृषि अधिकृत अनुप पौडेलले बताए । गाउँपालिका भित्र फूलखेती गर्न इच्छुकलाई उत्पादनमा आधारित रहेर ५० प्रतिशत अनुदान उपलब्ध गराइने उनले जानकारी दिए । 'अहिले गाउँपालिकाका विभिन्न १६ स्थानमा करिब ६० रोपनी क्षेत्रफलमा व्यावसायिक फूलखेती भएको छ', उनले भने, 'फूलखेतीको अनुदानका लागि कम्तीमा पनि दुई रोपनी जग्गामा अनिवार्य फूल लगाउनुपर्ने छ, दुई रोपनी क्षेत्रफलभन्दा तल अनुदान दिँदैनौँ ।' गाउँपालिकाले प्राविधिक सहयोग गर्ने तर सुरुआतमा किसानले आफ्नै लगानीमा बीउबिजन, मलखाद, मल्चिङ प्लाष्टिक, डोरीलगायतको व्यवस्थापन गर्नुपर्छ । किसानले फूल उत्पादन गरेपश्चात प्रतिरोपनी नौ हजारका दरले एकमुष्ट अनुदान गाउँपालिकाले उपलब्ध गराउँनेछ ।

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## शिक्षक दिवस र यसको सार्थकता

आज विश्व शिक्षक दिवस विभिन्न कार्यक्रम गरी मनाइँदै छ । संयुक्त राष्ट्रसंघ र राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा साँस्कृतिक संघ (युनेस्को) को आह्वानमा हरेक वर्ष अक्टोवर ५ मा यो दिवस मनाउने गरिन्छ । युनेस्कोले यस वर्षको नारा 'हामीले चाहेको शिक्षाको लागि शिक्षकहरू चाहिन्छः शिक्षक अभावलाई उल्टाउन विश्वव्यापी अनिवार्यता' भन्ने तय गरेको छ । आजको दिन संसारभर विभिन्न कार्यक्रम गर्दै गुणस्तरीय शिक्षा प्रदान गरेर विद्यार्थीहरुलाई स्थानीय तथा अन्तर्राष्ट्रिय समाजको विभिन्न क्षेत्रमा योगदान पुर्‍याउन मद्दत गर्ने शिक्षकहरुको सम्झना र सम्मान गरिन्छ । यो आफैमा राम्रो हो । शिक्षण पेशाको मर्यादा र शिक्षकको सम्मान गर्ने प्रयोजनले विशेष दिनका रूपमा विश्वर शिक्षक दिवस मनाउने गरिएको हो । विभिन्न देशले आ–आफ्नै ऐतिहासिक सन्दर्भ अनुसार शिक्षक दिवस मनाउँदै आएका छन् । ज्ञानको ज्योति झर्ने, विश्वमा दक्ष, असल जनशक्ति उत्पादन गर्ने शिक्षकलाई सधै सम्मान गर्नुपर्दछ । तर पछिल्लो समय शिक्षकको योगदान, भूमिका र महत्वलाई बिर्सन वा ओझेलमा पार्न थालिएको छ । यसो हुनु दुखद् हो । अहिले शिक्षकहरु आफ्नो अधिकारका लागि आन्दोलित हुनु परेको छ । शिक्षक व्यवस्थापनमा देखिएका जल्दाबल्दा मुद्दाहरु निकै चोटिला छन् ।

नेपालको संविधान २०७२ ले प्रत्याभूत गरेको शिक्षा सम्बन्धी मौलिक हक, सन् २०३० सम्म दिगो विकास लक्ष्य हासिल गर्दै 'समृद्ध नेपाल सुखी नेपाली' बनाउने सरकारी घोषणालाई साकार पार्न गुणस्तरीय जीवनोपयोगी शिक्षाको सुनिश्चितता पहिलो शर्त हो । सर्वसुलभ गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि विद्यार्थीको उपलब्धिलाई आफ्नो सफलता ठान्ने शिक्षक हुनुपर्छ । शिक्षकको योग्यता, क्षमता र दक्षता जाँच्ने कसी विद्यार्थी उपलब्धीस्तर नै हो, तर शैक्षिक, बौद्धिक वर्गलाई पञ्जामा राखेर जिउने आदतले देशमा शैक्षिक दमनको मनोवैज्ञानिक पीडा छ । शिक्षकले पाउनुपर्ने जति कदर पाएका छैनन् । जसका कारण नैतिक आचरण र शिक्षा ग्रहणमा कमी हुँदै गएको छ । यसमा सुधार ल्याउन आवश्यक छ । शिक्षकले त राम्रो शिक्षा दिएर आफ्नो कर्तव्य पूरा गर्छ, शिक्षकप्रति विद्यार्थी र समाजको दायित्व हुनुपर्छ । वास्तवमा शिक्षकहरु राष्ट्रको भावी पुस्ताहरुको वैचारिक शिल्पको शिल्पकारहरु हुन् । आफ्नो ज्ञान, सीपको माध्यमले तटस्थ र स्वतन्त्ररुपमा आफ्ना विद्यार्थीहरुलाई ज्ञान दिने दायित्व बोकेका शिक्षकहरुले नै मानिसलाई समाजको पहिलो प्रतिविम्ब र परिवेशसँग साक्षात्कार गराएका छन् । यसर्थ शिक्षकहरुको सम्मान गर्दै उनीहरुलाई थप उत्साहित र सक्रिय बनाउन सकियो भने मात्र शिक्षक दिवस मनाउनुले सार्थकता प्राप्त गर्न सक्छ अन्यथा दिवस औपचारिकतामै सिमित बन्न पुग्छ ।

### Opinion @ Social Network

सपना फुल्ने रातहरुमा तिम्रा याद नआएको कुनै पल नै हुँदैन, तर दिनको सुरु भए पछि साच्चै लाग्ने यादहरु त्यही हिजोको जस्तै पुरानो एक अतित बनिदिन्छ ।

*(मन्जिल मगरको फेसबुक स्टाटस https:/www.facebook.com/manjil.ido)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# मागेर दिने तिमी को हौ ?



**नारायण तिमिल्सेना**

*संघीयता र लोकतन्त्रले सेवा प्रदायक नै सन्तुष्ट छैनन् । आज देशमा एउटा संघीय सरकार, सात वटा प्रदेश सरकार र सात सय त्रिपन्नवटा स्थानीय सरकार गरी जम्मा सात सय एकसठ्ठी सरकार छन् । संघीय निजामती कर्मचारी ऐनसँग नबाझिने गरी प्रदेश निजामती ऐन जारी गर्नुपर्छ र संघीय तथा प्रदेश निजामती ऐनसँग नबाजिने गरी स्थानीय सेवा ऐन जारी गर्नु पर्ने कानुनी प्रावधान छ तर अहिले सम्म संघीय निजामती ऐन आउन नसक्नाले कर्मचारीहरु सरकारप्रति असन्तुष्ट बन्दै गएका छन् । सबै प्रदेशमा अध्यादेशबाट कानुन ल्याइएका छन् तर ति कानुन पनि सबै प्रदेशमा एकरुपता छैन् । संघीय कानुन जारी भए पश्चात फेरी परिवर्तन गर्नु पर्छ । यता स्थानीय तहमा भने काम गर्ने कर्मचारीहरु थप अन्यौलमा परेका छन् । अहिले स्थानीय तहमा दश प्रकारका कर्मचारीहरु कार्यरत छन् । संघीय कर्मचारी, संघबाट समायोजन भएर आएका कर्मचारी, संघबाट स्थानीय तहका लागि लोक सेवा आयोग उत्तिर्ण गरेका कर्मचारी, प्रदेश लोक सेवा आयोगबाट सिफारीस कर्मचारी, साविक जिविसका स्थायी कर्मचारी, अस्थायी कर्मचारी, कार्यक्रमबाट राखिएका कर्मचारी, पालिकाबाट नियुक्त करार कर्मचारी लगायतका कर्मचारी कार्यरत छन् । यिनी सबै प्रकारका कर्मचारीलाई सम्बोधन गर्ने गरी कानुन आउन नसक्नाले कर्मचारीहरु उत्साहित भई सेवा प्रवाह गर्न सकेका छैनन् । स्थानीय तहले आशा राखे अनुरुप कानुनको मस्यौदा बन्न नसेकेकै कारण कर्मचारीहरु आन्दोलित हुँदै गएका छन् ।*

राज्यको शासकीय शक्ति दुई वा सोभन्दा बढी तहको सरकारबाट अभ्यास गरिने शासकीय पद्धति नै संघीय शासन प्रणाली हो । संघीय शासन प्रणालीमा राज्यको सार्वभौम शक्ति संविधानबाट नै सरकारका तहहरूबीच बाँडफाँड गरिएको हुन्छ । संघीयताको मोडेलअनुसार एकल रूपमा प्रयोग गर्ने र साझा रूपमा प्रयोग गर्ने अधिकारलाई संविधानद्वारा नै स्पष्ट परिभाषित गरिएको हुन्छ । यसरी एकल रूपमा प्रयोग गर्ने गरी प्रदान गरिएको अधिकारमा सम्बन्धित तहका सरकार स्वायत्त हुन्छन् भने साझा अधिकारका विषयमा समन्वय र सहकार्य गरेर शासन सञ्चालन गर्ने व्यवस्था गरिएको हुन्छ । त्यसैले संघीय शासन प्रणाली स्वशासन र साझा शासनको संयोजित रूप हो । ठूला र साना दुबैखाले भौगोलिक स्थिति भएका मुलुकमा संघीयताको सफल अभ्यास भएको छ । नेपालमा संघीय शासन प्रणालीको कार्यान्वयन अभ्यासकै क्रममा छ ।

संविधान देशको मूल कानुन हो यही संविधानमा टेकेर आज सबै कानुन बनि सक्नु पथ्यो तर संघीयता कार्यान्वयनका हिमायती कर्मचारीहरु कै कानुन बनाउन सकेको छैन । निजामती कर्मचारीहरु नै आफ्नो कानुन पाउन सकेका छैनन् । संघीयता र लोकतन्त्रले सेवा प्रदायक नै सन्तुष्ट छैनन् । आज देशमा एउटा संघीय सरकार, सात वटा प्रदेश सरकार र सात सय त्रिपन्नवटा स्थानीय सरकार गरी जम्मा सात सय एकसठ्ठी सरकार छन् । संघीय निजामती कर्मचारी ऐनसँग नबाझिने गरी प्रदेश निजामती ऐन जारी गर्नुपर्छ र संघीय तथा प्रदेश निजामती ऐनसँग नबाजिने गरी स्थानीय सेवा ऐन जारी गर्नु पर्ने कानुनी प्रावधान छ तर अहिले सम्म संघीय निजामती ऐन आउन नसक्नाले कर्मचारीहरु सरकारप्रति असन्तुष्ट बन्दै गएका छन् । सबै प्रदेशमा अध्यादेशबाट कानुन ल्याइएका छन् तर ति कानुन पनि सबै प्रदेशमा एकरुपता छैन् । संघीय कानुन जारी भए पश्चात फेरी परिवर्तन गर्नु पर्छ । यता स्थानीय तहमा भने काम गर्ने कर्मचारीहरु थप अन्यौलमा परेका छन् । अहिले स्थानीय तहमा दश प्रकारका कर्मचारीहरु कार्यरत छन् ।

संघीय कर्मचारी, संघबाट समायोजन भएर आएका कर्मचारी, संघबाट स्थानीय तहका लागि लोक सेवा आयोग उत्तिर्ण गरेका कर्मचारी, प्रदेश लोक सेवा आयोगबाट सिफारीस कर्मचारी, साविक जिविसका स्थायी कर्मचारी, अस्थायी कर्मचारी, कार्यक्रमबाट राखिएका कर्मचारी, पालिकाबाट नियुक्त करार कर्मचारी लगायतका कर्मचारी कार्यरत छन् । यिनी सबै प्रकारका कर्मचारीलाई सम्बोधन गर्ने गरी कानुन आउन नसक्नाले कर्मचारीहरु उत्साहित भई सेवा प्रवाह गर्न सकेका छैनन् । स्थानीय तहले आशा राखे अनुरुप कानुनको मस्यौदा बन्न नसेकेकै कारण कर्मचारीहरु आन्दोलित हुँदै गएका छन् ।

आन्दोलनका लागि थप संगठित बन्दै गएका छन् । काठमाडौंमा बस्ने र आन्दोलन रुचाउने अनि मागेर दिने तिमि को हौ ? जब सेवा प्रदान गर्ने कर्मचारीलाई त आन्दोलन नगरी अधिकार नदिने देशले कस्तो भविष्यको परिकल्पना गरेको होला । कर्मचारीलाई हेप्नै पर्छ भन्ने कुन संस्कार सिकेर आयौ ? वास्तविक जनताको बिचमा बसेर सेवा प्रदान गर्ने जनताका सेवकलाई तल्लो दर्जाको देख्ने तिम्रो मति कति ठिक छ । संविधानको मर्मलाई कुल्चने शक्ति कस्ले दिएछ । समान किसिमको पाठ्यक्रम पढेर उत्तीर्ण हुँदा पनि कुल्चने प्रयास किन गर्दछौ ? सेवा गर्ने कर्मचारीलाई देशै भरी जहाँ गएर पनि सेवा दिन सक्ने बनाउँदा किन आपत्ति राखेको होला ? संघीय कर्मचारी हौं भन्दै आफू भन्दा माथिल्लो तहका कर्मचारी माथि शासन गर्नै पर्ने रहर कति लागेको होला ?

जब कर्मचारीले आफ्नो र आफ्नो जागिरकै भविष्य माथि चिन्ता लिई रहनु पर्छ भने सेवाग्राही माथि कति मुस्कान सहितको सेवा सम्भव होला ? काठमाडौंमै बसेर आन्दोलन गर्दा मात्र देख्ने सरकारले वास्तविक ग्रामीण क्षेत्रमा बसेर सेवा गरेको देखेको होला भनेर कसरी भन्न सकिन्छ ? आफ्नो जिउ ज्यान जिन्दगी भरी बसेर राष्ट्रका लागि अर्पण गर्दा न्याय दिन सकिन्न भने कसले राज्य माथि आशा गर्ने । संविधानमा रहेको मौलिक अधिकार किन खुम्चाउनु पर्यो ? घर टाढा बसेर रोजगारी गरेकाहरु कहिले पनि घर पायक आउन पाउदैनस् भन्नु कतिसम्मको अन्याय हो ? निश्चित समयमा हुने सरुवा र बढुवाले अनुभव आदान प्रदान गर्छ । काम गर्ने उत्प्रेणा दिन्छ नै । माथिल्लो निकायका लागि मात्र आवश्यक मानेर हो वा कर्मचारी-कर्मचारी बिच विभेद गर्दा सन्तुलन हुने देखेर हो ? जे देखेको भए पनि त्यो रुगलत नै हो ।

आज देश भरिका सबै स्थानीय तहमा संघर्ष समितिको गठन अनि सार्वजनिकिकरणले कोही कर्मचारी पनि सन्तुष्ट छैनन् भन्ने बुझ्नु पर्छ । काठमाडौंमा भएको प्रतिनिधिमुलक शक्ति प्रर्दशनलाई सानो नसम्झदा हुन्छ । आन्दोलनका लागि देशभर बाटै सहभागी हुने कर्मचारीको संख्या बढ्दै जानु र सहभागिताका लागि साइत सार्नेको संख्या जुर्मुराउनुले सरकारलाई केही आभाष हुनु पर्ने हो । देशभरीका सबै स्थानीय तहबाट सेवा प्रवाह बन्द गर्ने तयारी भइ रहेको सुनिएको छ । यदी सबै कार्यालय बन्द भयो भने जनताका लागि पक्कै गाह्रो पर्ला । त्यो समय आउन नदिनु उपयुक्त हुने थियो । आन्दोलन गरेर, चिच्याय पछि मात्रै सुन्ने यिनिहरु लोकतन्त्र र गणतन्त्रका हिमायती हौं भनेर कसरी भन्न सक्छन् होला ? कि लोकतन्त्र र गणतन्त्र आफु सत्ता र माथिल्लो निकायका लागि मात्र हो ? त्यसैले कर्मचारी र जनताका साझा बन । लडेर दिनु भन्दा बुझेर दिन सके पक्कै तिम्रो गुणगान गाउने थिए । होइन भने तिमीप्रति हेर्ने नजर पनि त्यस्तै रहला । कर्मचारीले पनि तिम्रो मूल्याङ्कन पक्कै गर्लान् ।

***(लेखक हाल बगनासकाली गाउँपालिका पाल्पामा कार्यरत छन् ।)***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : भाग्यले विभिन्न अवसर जुराउनेछ। आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । | **तुला** : काममा ढिलासुस्ती हुनेछ । बोलीको विपरीत अर्थ लाग्न सक्छ संयम रहनु होला। |
| **बृष** : सुखदुःख बराबरी हुनेछ । धार्मिक कार्यमा सरिक हुने अवसर मिल्नेछ । | **बृश्चिक** : विद्या र बुद्धिको विकास हुनेछ। सजिलै अरुको विश्वास जित्न सकिनेछ । |
| **मिथुन** : परिवारमा झमेलाको आउला। लगनशीलताको कमीले उपलब्धी नहोला। | **धनु** : समाजसेवामा मन लाग्नेछ । छोटो दुरीको लाभदायक यात्रा हुनेछ । |
| **कर्कट** : धार्मिक कार्यमा रुचि बढ्नेछ । मनमा हर्ष, उमङ्ग र उत्साह छाउला । | **मकर** : कुनै कुराले मनमा शान्ति छाउनेछ । आँटेको कार्य पुरा हुनेछ । |
| **सिंह** : शुभकार्यको चर्चा चल्नेछ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । | **कुम्भ** : स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । घरायसी विवाद बढ्नेछ । |
| **कन्या** : भौतिक साधन जुटाउने समय छ। आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। | **मीन** : मनमा उत्साह छाउला । प्रेम र मित्रताको बन्धन कसिने बेला छ । |




बाल कथा

# गोरुको खेल स्यालको झेल



नेपालीमा एउटा भनाइ छ भाइ फुटे गवार लुटे । यसको अर्थ हो दाजुभाइ मिलेर बस्नुपर्छ । यदि उनीहरूमा फुट आयो भने कमजोर बन्छन् र यसैको आधारमा अरूले खेल्ने अवसर पाउँछन् । परिवारभित्र झगडा हुँदा नै छिमेकीले टाउको उठाउने हुन्, उठाउने अवसर पाउने हुन् । त्यतिसम्म त ठीकै मानिएला । छिमेकीले टाउको उठाउनु नराम्रो नहोला तर पारिवारिक विखण्डको बिऊ रोपिने वा रोपिन सक्ने भनेको त्यसपछि नै हो । त्यसैले यस्तो अवस्था भरसक आउन दिनुहुँदैन ।

धेरै पहिलेको कुरा हो एक दिन एउटा स्याल कुनै गाउँको छेउबाट जाँदै थियो । संयोगवश त्यस दिन सो गाउँमा हाट अर्थात् बजार लागेको रहेछ । प्राय: गाउँघरमा शहर बजारतिर जस्तो सँधै बजार लाग्दैन । हप्तामा एक दिन मात्र लाग्छ । गाउँलेहरू त्यसै दिन आफ्ना घरमा भएका चीजहरू बिक्रीमा लान्छन् । ग्राहकहरू पनि एक हप्तालाई पुग्ने सामान त्यसै दिन किनेर राख्छन् । बजारमा मानिसहरूको भीड ठूलै थियो । कतै घरायसी सामानको खरिद बिक्री भइरहेका थिए कतै पशुचौपायको बजार लागेको थियो । कतै बालबालिकाले खेल्ने पिङ थियो । कतै गोरु जुदाइको खेल भइरहेको थियो मानिसहरू चित्याएर खेलको आनन्द लिरहेका थिए ।

हल्ला सुनेर स्याल पनि के रहेछ भन्दै त्यतै लाग्यो । नजिकै गएर हेर्दा दुईवटा गोरु जुधेको देख्यो र छक्क पऱ्यो । गोरु दुवै उस्तै बलिया थिए । एकै छिनमा एउटाले जित्लाजस्तो हुन्थ्यो तत्कालै अर्कोले जित्ने तरखर गर्थ्यो । जुधाइ जबरजस्त थियो । दुवैले आ-आफ्ना सिङले हानेर एकले अर्कोलाई रक्ताम्य बनाएका थिए । तैपनि रोकिने नामोनिसानै थिएन । उनीहरूलाई न रगत बगेको थाहा थियो न थकाइको नै हेक्का थियो । संयोगवश उनीहरूको रगतको केही थोपा स्यालको मुखमा पनि पऱ्यो । जब रागत चाख्न पायो तब उसको मुखबाट ऱ्याल चुहिन थाल्यो । गोरुको ताजा रगतको स्वाद पाएपछि उसले आफूलाई थाम्न सकेन र आफ्नो शक्तिको ख्यालै नगरी गोरुलाई मारेर पूरै रगत खाने विचारले आक्रमण गर्न पुग्यो । तर, भइदियो के भने जब उसले आक्रमण गरेको थियो तब गोरुले यसरी कसेर लात्ती हान्यो कि ऊ तीन हात पर पुगेर पछारियो । अन्तत: त्यहीँ उसको प्राणपखेरु उड्यो । यसरी लोभले आन्धो भएर स्यालले आफूभन्दा ठूलो शक्तिमाथि जाई लाग्न खोज्दा जीवनबाटै हात धुनुपऱ्यो । धेरै पहिलेदेखि पढ्दै र सुन्दै आएको यस कथामा केकति सत्यता छ त्यो त थाहा छैन तर आपसी झगडा र लोभको परिणाम भने जहाँ पनि यस्तै हुन्छ । आपसमा झगडा गर्दा त्यति ठूलो गोरुलाई स्यालले पनि आक्रमण गर्ने हिम्मत गऱ्यो । उता आफ्नो शक्तिको विचार नगरी धेरै खान खोज्दा स्यालको ज्यान गयो । त्यसैले झगडा कसैसित पनि राम्रो होइन । त्यसमाथि पनि अृनै वंश र बन्धुवान्धव बीचमा त कहिले पनि गर्नुहुँदैन ।

त्यस्तै लोभ पनि आफ्नो शक्तिभन्दा बढी गर्न हुँदैन । लोभ जन्मजात गुण भएकाले गर्नै हुँदैन भन्न त सकिन्न । किनकि लोभ नगरी कोही पनि बस्न सक्दैन तर त्यति मात्र गर्नु राम्रो हुन्छ, जति आफूमा पचाउन सक्ने शक्ति छ । अन्यथा लोभले लाभ, लाभले विलापको नियति भोग्न बाध्य हुनुपर्छ ।

*-रातोपाटी डटकम*

*प्राय: गाउँघरमा शहर बजारतिर जस्तो सँधै बजार लाग्दैन । हप्तामा एक दिन मात्र लाग्छ । गाउँलेहरू त्यसै दिन आफ्ना घरमा भएका चीजहरू बिक्रीमा लान्छन् । ग्राहकहरू पनि एक हप्तालाई पुग्ने सामान त्यसै दिन किनेर राख्छन् । बजारमा मानिसहरूको भीड ठूलै थियो । कतै घरायसी सामानको खरिद बिक्री भइरहेका थिए कतै पशुचौपायको बजार लागेको थियो । कतै बालबालिकाले खेल्ने पिङ थियो । कतै गोरु जुदाइको खेल भइरहेको थियो मानिसहरू चित्याएर खेलको आनन्द लिरहेका थिए । हल्ला सुनेर स्याल पनि के रहेछ भन्दै त्यतै लाग्यो । नजिकै गएर हेर्दा दुईवटा गोरु जुधेको देख्यो र छक्क पऱ्यो । गोरु दुवै उस्तै बलिया थिए । एकै छिनमा एउटाले जित्लाजस्तो हुन्थ्यो तत्कालै अर्कोले जित्ने तरखर गर्थ्यो । जुधाइ जबरजस्त थियो । दुवैले आ-आफ्ना सिङले हानेर एकले अर्कोलाई रक्ताम्य बनाएका थिए । तैपनि रोकिने नामोनिसानै थिएन ।*

निबन्ध — निशेष आङदेम्बे

# घर

घर एउटा यस्तो ठाउँ हो, जहाँ मन बस्छ । नाङ्गो आँखाले देख्दा घरभित्र मनहरू बस्छन्, तर मनले देख्दा मनहरूभित्र घरहरू बस्दारहेछन् । त्यसैले त होला सायद, विद्यालयमा शिक्षिकाले गाली गर्दा मन दुखाएको अबोध बालकले आँसु खसाएर भन्छ घर जान्छु । र, घर सम्झन्छ । बाटामा बालबालिकाहरू चल्छन् झगडा गर्छन् । रोए, मन दुखाए भने घर सम्झन्छन् । र, घर जान्छु भन्छन् । सायद त्यसैले होला, म सानो छँदा हजुरबुवासँग बस्तु चराउन जंगल जान्थे । त्यसबखत आकाशमा बिजुली चम्कँदा, मेघ गर्जंदा, अनि चट्याङ पर्न खोज्दा म सधैँ सधैँ घर सम्झन्थेँ । जब मेघ गर्जन थाल्दथ्यो, म सधैँ हजुरबुवालाई 'घर जौं' भन्दथे । यदि साँच्चै चट्याङ् नै परे घर गोठले नथाम्ने कुरा मलाई मेरो माक्ला दाजुले राम्रो सम्झाउनु भएको थियो । अझ भनौं चट्याङ् नै परे घरले नछेक्ने कुरो मलाई राम्ररी थाह थियो तै पनि जब मेघ गर्जेर, बिजुली चम्कन थाल्दथ्यो, म हजुरबुवाको चोरी औंला समातेर घरसम्म ल्याएपछि मात्र म ढुक्क हुने गर्थे । साँच्चै घर मेरो मनभित्र भएर न यति छिटो घरको याद आउँथ्यो होला । अनि म जब घरभित्र बस्दथेँ, आफूलाई सबैभन्दा सुरक्षित महसुस गर्दथे । त्यसैले त होला सायद घर हाम्रो मनभित्र बस्नेरहेछ अनि हामी घरभित्र । घर छोडेर संसारको कुना कुनामा मानिसहरू धन कमाउन पुग्छन् । ज्ञान, धन, सीप र शिक्षा हासिल गर्न पुग्छन् । तर उनीहरू सञ्चो, बिसन्चो हुँदा पनि घर सम्झन्छन् । अलिकति सपनाले छुँदा पनि घर सम्झन्छन् । बरु मर्नै परे पनि घरैमा मरौं भन्छन् । घर साँचै उनीहरूको मनमा नहुँदो हो त, उनीहरू घरैमा मर्ने सपना सायदै देख्दैनथे ।

कोसौं तलबाट सुरु भएको पहिरो हरेक बर्खामा अलिअलि गर्दै चार सालमा आँगन चरक्क चर्कायो । घरबारी आधा बग्यो । करेसाबारी एक-एक डिल तल-तल सरिसक्यो । कुनदिन या कुन रात पहिरोले घर तान्छ पत्तो भएन । कुन दिन रेडियो समाचार बन्छौ पत्तो भएन । कुन दिन टेलिभिजनको समाचारको दृश्य बन्छौ पत्तो भएन । त्यसैले त धेरै गाउँलेहरू बसाई सरिसकेका थिए । बुवा र आमाले दु:खले पर गैरीगाउँमा नयाँ घर बनाउनु भयो । त्यही नयाँ घरमा बसाई सरौं भनेको हजुरबुवा र हजुरआमा मान्नु भएन । हामी मरे पनि यही घरमा मर्छौं भन्नु भयो । यहीबाट थाह हुन्छ हजुरबुवा र हजुरआमाले आफूले बनाएको त्यो घरलाई आफ्नो जिन्दगीभन्दा धेरै माया गर्नुहुन्थ्यो । त्यही घर उनीहरूको मनभित्र थियो र न मरे पनि यही घरभित्र मर्छौं भन्नुहुन्थ्यो । गाउँ गाउँबाट छोराछोरी नाति नातिना सबै सहरबजार छिरे । देश विदेश छिरिसके गाउँहरूमा घरहरू छन् । अनि बुढापाकाहरू छन् । अझै पनि बुढा पाका घर छोड्न सक्दैनन् । गाउँघरबाट युवायुवती सर्लक्क सहर सरे जसरी सहरबजारका देश विदेश सरेका छन् । वास्तवमा भन्ने हो भने यो समय घर छोड्ने समय बनेर आएको छ । हाम्रो देशबाट अन्य देश सरेका ती छोरा छोरीले आफ्ना बुवाआमालाई आफूसँगै लग्न नसक्ने कदापि होइन । तर यी घरहरू छोडेर क्यानडा, अस्ट्रेलिया, युके, युएसएका ती ठुला-ठुला घर अनि कोठाहरूमा कदापि बुवाआमाका मनहरू अटाएनन् । गल्ली-गल्ली, छेडी-छेडीमा टेको लगाइएकै भए पनि आफ्नै गाउँ शहरको, आफ्नै देशको घरहरूलाई छोड्न सकेनन् ती आमाबुबाहरूले । यो हेराइबाट हेर्दा शहर भए पनि गाउँ भए पनि एउटै पीडामा छन् । तर सहरका घरहरूमा कुल्ली, ज्यामीदेखि लिएर हाकिम, पिउन, विद्यार्थी अनेकौं मानिसहरू बस्छन् । तर मानिस-मानिस बिचमा पनि मानिस चिन्दैन । सहरका घरहरूमा मानिसहरूको भिडमा एक्लो भइन्छ मानिस आफैं । त्यसैले त भन्छन् सायद, सहरमा घरहरू नजिक-नजिक भएर पनि मनहरू टाढा-टाढा हुन्छन् । सहरमा मर्दा-पर्दा देख्ने कोही हुँदैनन् । गाउँमा घरहरू टाढा-टाढा भए पनि मनहरू नजिक नजिक हुन्छन् । मर्दा-पर्दा हेर्ने मसिनहरू हुन्छन् । तर आजभोलि लास उठाउने पनि तन्नेरी छैनन् गाउँहरूमा । घरहरू एक्लो-एक्लो छन् गाउँमा । वर्षौं वर्ष पनि एक्लै उभिरहेका छन् घरहरू फक्ताङलुङ (कुम्भकर्ण) जस्तै गरी अनि चम्जङलुङ (सगरमाथा) जस्तै गरी । छोराहरू मुगलान पसेसँगै बुहारीहरूले घर छोडे तर घरहरूले मन कहिले छाडेनन् घर त साँचैकै घरै रहेछ ।

हुरी चल्दा मनले घर सम्झन्छ । वर्षात् हुँदा मनले घर सम्झन्छ । सुनामी आउँदा घरको याद आउँछ । आकाशमा मेघ गर्जंदा, बिजुली चम्कँदा, असिना बर्सिंदा मनहरू घरमा ठोकिन्छन् । लड्दा पर्दा, दु:ख बिराम पर्दा मनहरू घरमा ठोकिन्छन् । साथमा कोही नभएर एक्लो-एक्लो हुँदा घरमा पुग्छ मन । अनि हुलमुलहरूमा मानिस मानिसहरूबिच एक्लो-एक्लो महसुस हुँदा घरमा पुग्छ मन । त्यसैले त घरभित्र हामी बसेर पनि हाम्रो मनभित्र बसेको हुँदोरहेछ घर । कहिल्यै उता कुनामा ड्याङ्ग ठोकिन्छ । कहिल्यै यता कुनामा ड्याङ्ग ठोकिन्छ मनभित्र घर । घर साँच्चिकै घर नै रहेछ । भनिन्छ, समय बलवान् हुन्छ । वास्तवमा हो रहेछ । हामीले यति धेरै माया गरेको घर । मनभित्र राखेको घरबाट हामी टाढा भाग्नुपर्ने समय पनि आउँदो रहेछ । जसबखत हामी घरसँग डराएर टाढा भाग्ने रहेछौं । राजधानीको एउटा प्रमुख ठाउँ ललितपुरको लगनखेलदेखि जावलाखेल सम्मको बजार क्षेत्र कुमारीपाटी । दायाँबायाँ अग्ला-अग्ला घरहरूबिचको चिल्लो बाटो सहितको बजार क्षेत्र । वर्षमा एकपटक ५ दिनसम्म चल्ने कुमारीपाटी जावलाखेल महोत्सव चलिरहेको हुन्छ । महोत्सवको दोस्रो दिन शनिबारसमेत परेकाले बढी भिजिटरको अपेक्षासहित हामी हाम्रो प्रर्दशनी स्थललाई विशेष श्रृङ्गार तथा व्यावसायिक अफरहरूलाई अझ बढाएर तयारीमा जुट्यौं । समयसँगै भिजिटरर्सको संख्या बढ्दै गयो । घडीमा बाह्र बजेको केही समयमै पृथ्वी पल्टेझैँ गरेर जमिन हल्लिन थाल्यो । मेलामा आएका ती हजारौँ मानिसबिच सडकमा कोही रुने, कोही चिच्याउने क्रम सुरु भयो । कुमारीपाटीजस्तो दुई तिरै घरले घेरिएको बिच सडकमा हामी पनि एक अर्काको हात समातेर घरी दायाँ त घरी बायाँ गरिरहेका थियौं । भूकम्प रोकिन्छ भन्ने आशामा बसेका हामीहरूले धरहरा ढल्यो, यति मानिस मरे, हरिसिद्धिमा पुरै घरहरू ढलेजस्ता समाचारले हामी झन् आतङ्कित बन्न थाल्यौं ।

हामी हातमा कम्प्युटर प्रिन्टर लिएर घरको तल्ला चढिरहेका हुन्थ्यौं । जोडसँग घर भूकम्पले हल्लाउँथ्यो हामी सामान त्यही छोडेर तल भाग्थ्यौं । कम्पन केही कम भएसँगै हामी पुन: माथि चढ्थ्यौं फेरि हल्लाउने बित्तिकै तल दौडन्थ्यौं । भूकम्पको समय यस्तो समय रहेछ, जुन समय हामी घर भन्ने शब्दसँग पनि भाग्ने रहेछौं । यो समय हामी घर सम्झन त परै जाओस्, घर देख्ने बित्तिकै जुत्ता छोडेर भाग्ने रहेछौं । मानिसलाई घरसँग यति धेरै डर हुने रहेछ । मानिसहरू आयो-आयो भनेर चिच्याउँथे हामी घरभन्दा टाढा-टाढा भाग्थ्यौं । हामी घरको चौथो तल्लामा चढिरहेका थियौं । एक्कासी भूकम्पको धक्कासँगै घर हल्लिन सुरु भयो । चिच्याहट सडकमा छताछुल्ल मानिसहरू चिच्याएको सुनिन्थ्यो । हामी हातमा लिएका सामान भुइँमा छोडेर घरको सिँढीबाट बाहिर निस्कन थाल्यौं । अपसोस मानिसहरू यति धेरैको संख्यामा घरभित्र पसिरहेका थिए । त्यहाँ न त तल झर्न सकिन्थ्यो, न त केही सोध्न सक्ने परिस्थिति नै थियो । भिड घरको सिँढीहरूबाट यसरी माथि उक्लिरहेको थियो कि हामीलाई उचालेरै अझ माथिको तला चढाउनेछन् । म महशुस गरिरहेको थिएँ भूकम्पले हल्लाइरहेको थियो । तर मानिसहरू घरसँग डराइरहेका थिएनन् । केही समयअघि मात्र भूकम्पको कम्पनसँगै घरभन्दा टाढा-टाढा भाग्ने त्यो भिड अब जस्तो कम्पन आए पनि घरभित्र बेपरवाह छिरिरहेको थियो । मलाई लाग्यो जमिन फाट्न सुरु भयो त्यसैले मानिस घरभित्र छिरिरहेका छन् । वास्तविकता बुझ्न भिडलाई पन्छाउँदै जब म बाहिर आए बाटोहरू उस्तै थिए । कुनै जमिन त फाटेको थिएन । केही समयपछि बुझ्दा पो परतिर जावलाखेलमा भूकम्पले चिडियाखाना भत्कियो । बाघ निस्केर कुमारीपाटीतिर आएको हल्ला रहेछ । अनि पो मानिसहरू भूकम्पको प्रवाह नगरी घरभित्र दौडिएका रहेछन् । बाघको हल्ला सुन्नुअघि भूकम्पमा घरको छाया पनि देख्न नहुने मानिसहरूलाई बाघको हल्लाले मात्र पनि घरको यति नजिक बनायो । वास्तवमा हाम्रो मन मस्तिष्कमै हुने रहेछ । भोलिपल्ट मात्र थाहा भयो, कि चिडियाखानाका बाहिरको केही इँटाको गाह्रो मात्र भत्किएको रहेछ । र, बाघ निस्किएको पनि होइन रहेछ । थोरै कुरालाई धेरै बनाएर बोल्ने हाम्रो आचरण खराब मात्र रहेछ ।

एक दिन म गाडीबाट कामको लागि निस्किएँ । काम भनेको त्यही न थियो शिक्षक मान्छेको पढाउने काम । गाडी राम्ररी चलाइरहेको थिएँ । मनमा कुराहरू खेल्दै गएँ । गाउँको एक्लो घरहरूमा मनहरू ठोक्किए । मेरो घरको प्वाल प्वालहरूमा गौँथलीले कति राम्रो-राम्रो उसको आफ्नो घरहरू बनाइसक्यो होला । मैले मात्र एक्लै छोडिराखेँ मेरो घरलाई । कसरी ठिङ्ग उभिरहेको होला एक्लो घर । एक छिनमा थाहा पाएँ म त विद्यालय कटेर पनि निकै पर पुगिसकेछु । एक्लै हाँस्ने पागल हो भन्थे । म एक्लै हाँस्दै फर्केर आएर पढाइ राखेर कोठा फर्कें । अहिले पनि सम्झन्छु, सहरमा प्रत्येक कोठाहरूमा अलग-अलग मानिसहरू बस्छन् । एउटा कोठाको भाडा हजारौँ रुपैयाँ तिर्नुपर्छ । यता मैले एउटा सिङ्गो घर भाडामा लिएको छु । एउटा घरको भाडा एक पेटी बुझाउनु पर्छ हरेक महिना । चाहे भएका जायजेथा बेचेर होस्, चाहे साँझ बिहान छाक काटेर होस् समयमा पेटी गन्नुपर्छ । उता गाउँमा मेरो घरमा बसिदेउ म मासिक पैसा दिन्छु भन्दा पनि बसिदिने कोही हुँदैनन् । एक्लो छोडेको घरको याद आउँछ । अब त भित्ताहरू पनि चर्किसकेका होलान् । अब त परार साल पनि भइसक्यो क्यार म घर पुगेको थिएँ । त्यो भन्दा यता म घर पुगेको छैन । रातो माटोले लिपेको सबै वर्षातको बाछिटाले बगाएर फिक्का-फिक्का बनाइसकेको थियो । पक-पक उक्किएका थिए गोबर र माटोले लिपेका भुइँहरू । ढोकानेर कति सुन्दर बुट्टेदार जाली जालीवाला घर बनाएको रहेछ माकुराले । तर त्यो जालीमा एउटा झिँगा पनि परेको थिएनन् । यो देखेर मन खिन्न भयो, हामीले छोडे पछि त जाबो झिँगाले पनि घर छोड्ने रहेछ । आँगनमा फूलहरू भन्दा लामा-लामा झारहरू थिए । पिँढीमा जाँतोको मुखबाट उम्रिएको मकै लामो नभई सुकेर सानोमै खोस्टा भएर बसेको रहेछ । माथि बार्दलीमा घरमाहुरीहरू एउटा-एउटा जाने आउने गरिरहेका रहेछन् । ठुलो रातो अरिङ्गाल घरमाहुरीको गुँडको मुख पनि घुमिरहेको रहेछ । पक्कै छानी-छानी माहुरीहरूलाई समातेर लगिरहेको छ त्यसले । यो सब नहुने हामीले घर रुँगेसम्म मात्र रहेछ । सम्झिँदा मन दुख्छ । देख्दा आँखाहरू दुख्छन् ।

*-साहित्यपोष्ट डटकम*

# शुक्रबारसम्मै हल्कादेखि मध्यम वर्षा



**पाल्पा,** असोज १७/नेपालमा हाल भारतको झारखण्ड आसपासको क्षेत्रमा रहेको न्यूनचापीय क्षेत्रको प्रभाव रहेकाले देशका अधिकांश स्थानमा वर्षा भइरहेको छ । मौसम पूर्वानुमान महाशाखाका अनुसार मंगलबारदेखि देशभर आंशिकदेखि सामान्य बदली रही गण्डकी, लुम्बिनी, कोशी र बागमती प्रदेशका केही स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको हो ।

यो क्रममा शुक्रबारसम्म रहने जनाइएको छ । मंगलबारदेखि पाल्पा, गुल्मी सहित देशका अधिकांस स्थानमा निरन्तर वर्षा भइरहेको छ । कोशी, मधेस, वाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका केही स्थान र बाँकी प्रदेशका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । साथै कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका एक/दुई स्थानमा भारी वर्षाको समेत सम्भावना रहेको छ । रातिको समयमा पनि कोशी, मधेस र बागमती प्रदेशका केही स्थान र बाँकी प्रदेशका एक/दुई स्थान र बाँकी प्रदेशका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । कोशी प्रदेशका एक/दुई स्थानमा भारी वर्षाको समेत सम्भावना रहेको छ । बिहीबार कोशी, बाग्मती र गण्डकी प्रदेशका थोरै स्थान र बाँकी प्रदेशका एक/दुई स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । आगामी २४ घण्टाका लागि गण्डकी, लुम्बिनी, कोशी र बागमती क्षेत्रबाट बहने नदीको जल सतह हल्का बढ्न सक्ने, बाढीपहिरो, भूक्षय तथा चट्याङको सम्भावना रहेकाले जनस्वास्थ्य, कृषि, दैनिक जनजीवन, सडक तथा हवाई यातायात प्रभावित हुनसक्ने भन्दै आवश्यक सावधानी अपनाउन महाशाखाले अनुरोध गरेको छ । नेपालमा हाल भारतको झारखण्ड आसपासको क्षेत्रमा रहेको न्यून चापीय क्षेत्रको प्रभावका कारण मौसम बदली रहेको महाशाखाले उल्लेख गरेको छ । साथै कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका एक-दुई स्थानमा भारी वर्षाकोसमेत सम्भावना रहेको महाशाखाले मौसम पूर्वानुमान बुलेटिन प्रकाशित गरी जनाएको छ । त्यस्तै असोज १८ गते (बिहीबार) कोशी, बागमती र गण्डकी प्रदेशमा आंशिकदेखि सामान्य बदली रही बाँकी प्रदेशमा आंशिक बदली रहनेछ । कोशी, बागमती र गण्डकी प्रदेशका थोरै स्थान र बाँकी प्रदेशका एक-दुई स्थानमा मेघ गर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । बिहीबार राति कोशी, मधेश, बागमती र गण्डकी प्रदेशमा आंशिकदेखि सामान्य बदली रही बाँकी प्रदेशमा आंशिक बदलीदेखि सामान्यतया मौसम सफा रहने मौसम पूर्वानुमान महाशाखाले सूचनामा प्रकाशित गरेको छ । कोशी, मधेश, बागमती र गण्डकी प्रदेशका थोरै स्थानमा मेघ गर्जन र चट्याङसहित हल्का वर्षाको सम्भावना रहेको छ । असोज १९ गते (शुक्रबार) कोशी, बागमती र गण्डकी प्रदेशमा आंशिकदेखि सामान्य बदली रही बाँकी प्रदेशमा आंशिक बदली रहनेछ । कोशी, मधेश, बागमती र गण्डकी प्रदेशका थोरै स्थान र बाँकी प्रदेशका एक-दुई स्थानमा मेघ गर्जन र चट्याङसहित हल्का वर्षाको सम्भावना रहेको छ । सोही राति कोशी, मधेश, बागमती र गण्डकी प्रदेशमा आंशिकदेखि सामान्य बदली रही बाँकी प्रदेशमा आंशिक बदलीदेखि सामान्यतया मौसम सफा रहनेछ ।

# सेन्ट कपितानियोमा रेडक्रस गठन



**पाल्पा,** असोज १७/तानसेनस्थित सेन्ट कपितानियो स्कुलमा नेपाल युवा जुनियर रेडक्रस सर्कल गठन भएको छ । स्कुलमा भएको विद्यार्थीहरुको भेलाले सर्कल गठन गरेको हो ।

जसको अध्यक्षमा संज्ञा लक्ष्मी खड्का, उपाध्यक्षमा कुन्दन थापा, सचिवमा आरति बस्याल, उपसचिवमा मञ्जिल समर खाती, कोषाध्यक्षमा निशा भट्टराई चयन भएका छन् । सदस्यहरुमा आर्यन काफ्ले, शाश्वत भट्टराई, एञ्जल थापा, रितु रसाली, प्रेनिशा नेपाली, आलभ पाण्डे, अदिति बस्याल, आसुतोष ज्ञवाली, प्रिन्सी शर्मा, विविशा पाण्डे, इशिता आत्रेय रहेका छन् । सर्कलको संरक्षकमा प्रिन्सिपल सिस्टर एनिस जोसेफ, शिक्षक नायकमा सकुन्तला कुँवर क्षेत्री र सह-शिक्षक नायकमा धनकुमारी थापा चयन भएको स्कुलले जनाएको छ । नवगठित सर्कल नेपाल रेडक्रस सोसाइटी श्रीनगर उपशाखा मातहत रहेको छ । कार्यक्रममा प्रमुख अतिथि श्रीनगर उपशाखाका सभापति पुष्करराज रेग्मीले नवगठित सर्कलका पदाधिकारीहरुलाई बधाई तथा शुभकानमा दिर्दै रेडक्रसको सिद्धान्त र मर्म अनुसार काम गर्न आग्रह गरेका छन् । रेडक्रसले देखाएको बाटोबाट अगाडि बढ्ने हो भने हाम्रो भविष्य सुन्दर हुने उनको भनाइ थियो । सभापति रेग्मीले पदाधिकारीहरूलाई रेडक्रस लोगो अंकित नेम ट्याग वितरण गरेका थिए । कार्यक्रममा श्रीनगर उपशाखाकी उपकोषाध्यक्ष संजित थापा, स्कुलकी प्रिन्सिपल सिस्टर एनिस जोसेफ, विद्यार्थी संज्ञा लक्ष्मी खडका लगायतले आ-आफ्ना धारणा राखेका थिए । प्रिन्सिपल जोसेफको अध्यक्षता शिक्षक नायक सकुन्तला कुँवर क्षेत्रीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# आज विश्व शिक्षक दिवस मनाइँदै

**पाल्पा,** असोज १७/'हामीले चाहेको शिक्षाको लागि शिक्षकहरू चाहिन्छ : शिक्षक अभावलाई उल्टाउन विश्वव्यापी अनिवार्यता' भन्ने नाराका साथ आज विश्व शिक्षक दिवस नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाईदैछ ।

शिक्षकका लागि समर्थन जुटाउन र भविष्यको पुस्ताको आवश्यकता शिक्षकहरुको माध्यमबाट पूरा हुन्छ भन्ने कुराको सुनिश्चितताका लागि संयुक्त राष्ट्रसंघ र राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संघ युनेस्कोको आह्वानमा सन् १९९४ देखि हरेक वर्ष अक्टुबर ५ तारिखमा यो दिवस मनाउदै आएको हो । आजको दिन संसारभर विभिन्न कार्यक्रम गर्दै गुणस्तरीय शिक्षा प्रदान गरेर विद्यार्थीहरुलाई स्थानीय तथा अन्तर्राष्ट्रिय समाजको विभिन्न क्षेत्रमा योगदान पुऱ्याउन मद्दत गर्ने शिक्षकहरुको सम्झना र सम्मान गरिन्छ । ज्ञानको ज्योति झर्ने, विश्वमा दक्ष, असल जनशक्ति उत्पादन गर्ने शिक्षकलाई सधैं सम्मान गर्नुपर्दछ । तर पछिल्लो समय शिक्षकको योगदान, भूमिका र महत्वलाई बिर्सन वा ओझेलमा पार्न थालिएको छ । शिक्षकले पाउनुपर्ने जति कदर पाएका छैनन् । शिक्षकको कदर गर्ने संस्कृति कसरी विकास गर्ने भन्ने विषय अहिले टड्कारो बनेको छ ।

# कालीगण्डकी गाउँ सरकारको...

...'फूलखेती गर्दा प्रतिरोपनी रु अठार हजार अनुमानित लागत लाग्छ', उनले भने, 'कार्यसम्पादन प्रतिवेदनका आधारमा किसानलाई प्रतिरोपनी नौ हजारका दरले एकमुष्ट अनुदान उपलब्ध गराउँछौं ।' दसैंतिहारलाई लक्षित गरी अहिले गाउँपालिकाका विभिन्न ठाउँमा 'कर्मा ५५५' जातको फूलखेती गरिएको छ । गाउँपालिका आफैंले पनि वडा नं ४ को पुछार भन्ने स्थानमा ड्रागन बगैंचामा मिश्रितरूपमा फूलखेती गरेको छ ।

पालिकाले झण्डै १५ रोपनी क्षेत्रफलमा व्यावसायिक फूलखेती गर्दै आइरहेको छ । पालिकाले गरेको फूलखेतीबाट राम्रो आम्दानी हुन थालेपछि पछिल्लो समय सामूहिकरूपमा फूलखेतीलाई व्यावसायिकतातर्फ अगाडि बढाउने क्रम बढ्दै गइरहेको छ । मकै, कोदो तथा विभिन्न जातका गेडागुडी लगाउने बारीमा अहिले फूलखेती देख्न सकिन्छ ।

कालीगण्डकी गाउँपालिका-७ बारीचौरमा सामूहिक चार रोपनी क्षेत्रफलमा फूलखेती गरिएको छ । स्थानीय घनबहादुर थापा मकै, कोदो तथा गेडागुडीबाट भन्दा फूलखेतीबाट आम्दानी राम्रो हुन थालेकाले सामूहिकरूपमा फूलखेती गरेको बताए । 'दसैं तिहारलाई लक्षित गरी मैले व्यक्तिगत तथा सामूहिकरूपमा पनि फूलखेती गरेका छौं', उनले भने, 'गत वर्ष फूल बिक्रीबाट डेढ लाखभन्दा बढी आम्दानी भएको थियो, अहिले पनि राम्रो छ ।' उक्त गाउँमा घरबास (होमस्टे) पनि सञ्चालनमा रहेकाले यहाँ आउने पाहुनालाई स्वागतका लागि पनि फूलको प्रयोग हुने गरेको छ । हालसम्म उत्पादन भएको फूलले राम्रै बजार पाएको कृषि अधिकृत पौडेलले बताए । यहाँ उत्पादन भएको फूल स्थानीय बजारसहित पोखरा, बुटवल, नारायणगढ, काठमाडौं, दाङ, सुर्खेत लगायतका बजारमा खपत हुने गरेको उनले बताए । *-रासस*

# शिक्षक आवश्यकता सम्बन्धी सुचना

**सुचना प्रकाशित मिति २०८०/०६/१५**

**शिक्षा विकास तथा समन्वय इकाई कपिलवस्तुको प.सं. ०८०/०८१ र च. नं. १७८ मिति २०८०/०६/१४ को करार शिक्षक नियुक्तीको अनुमति पत्र तथा यस वि.व्य.स.को मिति २०८०/०६/१४ को निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको तपशिल अनुसारको पदको करारमा शिक्षक पदपूर्ति गर्न खुल्ला तथा शिक्षक सेवा आयोगको करार सूचिमा रहेका उमेद्वारहरुको एकै पटक दरखास्त आह्वान गरिएकोले योग्यता पुगेको ईच्छुक नेपाली नागरिकहरुबाट नियमानुसार कार्यान्वयन हुने गरी रिक्त पुर्वक दरखास्त विद्यालय वा शिक्षा विकास तथा समन्वय इकाई कपिलवस्तुमा पेश गर्ने गरी आह्वान गरिएको छ ।**

**तपशिल**

**१. विज्ञापन नं.** ०१/०८०/०८१
**२. पद/तह/श्रेणी/विषय :** शिक्षक/निमावि/राहत कोटा/अंग्रेजी
**३. पद संख्या :** १ जना
**४. विज्ञापन प्रकाशन तथा अन्तिम मिति :** २०८०/०६/१५ देखि २०८०/०६/२९ सम्म
**५. न्युनतम शैक्षिक योग्यता :** सम्बन्धित विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरी १० महिने शिक्षक तालिम प्राप्त गरी स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको
**६. उमेर :** १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको
**७. परीक्षा दस्तुर :** रु ७५० (रु सात सय पचाँस मात्र)
**८. परीक्षाको किसिम :** लिखित तथा अन्तरवार्ता
**९. सम्पर्क मिति :** २०८०/०६/२९ साँझ ४:३० बजे ।
**१०. परीक्षा मिति :** सम्पर्क मितिको दिन तोकिने छ ।

**पुनश्च :** शिक्षक सेवा आयोगको करार सूचिबाट दरखास्त पर्न आएमा नियमानुसार नियुक्ति गरिने तथा अन्य कुरा शिक्षा ऐन नियमावली अनुसार हुनेछ ।

थप जानाकारीको लागि सम्पर्क नं. ९८४७०५१०३८, ९८१४४११९२२ मा गर्न सकिनेछ ।

**श्री नेपाल राष्ट्रिय नमुना माध्यमिक विद्यालय औरहिया (मुडफुटवा)**
**शुद्धोधन गाउँपालिका-४ कपिलवस्तु**
**लुम्बिनी प्रदेश नेपाल**


**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

**सम्पर्क: ०७५-५२०६०१**



## आनन्द बचत तथा ऋण सहकारी संस्था लि. को साधारण सभा सम्बन्धी सूचना

आनन्द बचत तथा ऋण सहकारी संस्था लि.को यहि मिति २०८० अश्विन २० गते शनिबारका दिन १३ औं वार्षिक साधारण सभा हुन गहिरहेको हुँदा सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई निमन्त्रणा कार्ड पठाई सकिएको छ । कदमकदाचित निमन्त्रणा कार्ड प्राप्त नभएको भए यस सूचनालाई आधार मानी निम्न मिति, समय र स्थानमा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**मिति :-** २०८० आश्विन २० गते शनिबार ।
**समय :-** बिहान ११:३० बजे (कृपया ठिक समयमा पाल्नुहोला)
**स्थान :-** माधव प्रसाद देवकोटा सभाकक्ष, त्रिभुवन बहुमुखी क्याम्पस लहरेपिपल, तानसेन, पाल्पा ।

अनुरोध
सर्जुलाल बज्राचार्य
अध्यक्ष
**आनन्द बचत तथा ऋण सहकारी सस्था लि.**
**तानसेन-६, पाल्पा**
**सम्पर्क नम्बर : ०७५-५२१५५३**


**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई